नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

Email:daobara33700@gmail.com
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६
:०५३-५५०४३
फ्याक्स नं.:०५३-५५००००

बारा, कलैया

पत्र संख्या:-०८०/८१
चलानी नं.-

मितिः- २०८१।०१।२६

## हातहतियार नवीकरण तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना !

बारा जिल्लाबाट विभिन्न समयमा हातहतियार राख्न इजाजत पत्र लिएका व्यक्ति/संस्थाहरुले नियमानुसार नवीकरण गर्ने कानुनी व्यवस्था रहेकोमा कतिपय इजाजत प्राप्त व्यक्ति/संस्थाहरुले नवीकरण गराएको कार्यालयको अभिलेखबाट नदेखिएको साथै कानुन बमोजिम अन्य जिल्लाबाट इजाजतपत्र नवीकरण गरेको भए ३० दिन भित्र आफुसँग भएको हतियार र इजाजतपत्र सहित स्वयम उपस्थित भई अनिवार्य रुपमा नविकरण तथा विवरण अध्यावधिक गर्नु हुन सम्बन्धित सबैमा सुचित गरिन्छ । साथै नियमित नवीकरण गरिरहेका हतियारको समेत आगामी आ.व.२०८१/८२ को नवीकरण गर्न आउँदा हतियार लिएर स्वयम उपस्थित हुन अनुरोध छ ।

विगतमा हातहतियार इजाजतपत्र लिएका तर ५(पाँच) बर्षभन्दा बढी समय देखि नविकरण नगरेका र हातहतियार इजाजतपत्र बाहक मृत्यु भएको ६ महिना भित्र नजिकको हकवालाको नाममा नामसारी नभएको सबै हातहतियार, खरखजाना र इजाजतपत्र नजिकको जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीमा अनिवार्य बुझाउनु हुन सबैमा यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधिभित्र अन्य कार्यालयबाट नविकरण गरेको प्रमाण पेश नगरेमा, ५ बर्ष भन्दा बढी समय नविकरण नगरेको र इजाजतपत्र वाहक मृत्यु भएको ६ महिना भित्र नजिकको हकवालाको नाममा नामसारी नभएका हातहतियार खरखजाना नबुझाएमा कानुन बमोजिम अवैध हुन गई कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सरोकारवालाहरु सबैलाई जानकारी गराईन्छ । साथै कोही कसैले अवैध रुपमा हातहतियार खरखजाना राखेको भए सोको समेत सूचना उपलब्ध गराईदिनुहुन अनुरोध छ।

.....................
शशीधर घिमिरे
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी